# नोटरी पब्लिक सम्बन्धी (सातौं संशोधन) नियमावली, २०८३

नोटरी पब्लिक सम्बन्धी नियमावली, २०६३ संशोधन गर्न वाञ्छनीय भएकोले,

नोटरी पब्लिक सम्बन्धी ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नोटरी पब्लिक परिषद्ले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "नोटरी पब्लिक सम्बन्धी (सातौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>नोटरी पब्लिक सम्बन्धी नियमावली, २०६३को नियम ९मा संशोधन</u> : नोटरी पब्लिक सम्बन्धी नियमावली, २०६३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम निवेदन दिँदा निवेदन दस्तुर बापत दुई हजार रुपैयाँ बुझाउनु पर्नेछ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) तालिम शुल्क, छाप, प्रमाणपत्र शुल्क र परिचयपत्र शुल्क परिषद्ले तोकेबमोजिम हुनेछ।"

(३) उपनियम (३) मा रहेका "छाप बापत पाँच सय रुपैया र प्रमाणपत्र बापत एक सय रुपैया समेत जम्मा रु छ सय रुपैयाँ दस्तुर" भन्ने शब्दहरूको सट्टा "प्रति छाप बापत पाँच सय रुपैयाँ, प्रमाणपत्र वापत एक हजार रुपैयाँ र परिचयपत्र वापत एक हजार रुपैयाँसमेत जम्मा दुई हजार पाँचसय रुपैयाँ दस्तुर" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (४) बमोजिम स्थान परिवर्तनको अनुमति लिँदा परिषद्ले साविक छाप, प्रमाणपत्र र परिचयपत्र रद्द गरी नयाँ छाप, प्रमाणपत्र र परिचयपत्र प्रदान गर्नेछ।

तर, निवेदकको प्रमाणपत्रको अवधि भने थपघट गरिनेछैन।"

(५) उपनियम (५) को पछि देहायको उपनियम (६) थपिएको छ :-

"(६) नोटरी पब्लिकले आफूले परिषद्मा पेश गरेको दस्तखत परिवर्तन गर्न चाहेमा एक हजार रुपैयाँ दस्तुर तिरी परिषद्मा निवेदन दिन सक्नेछ।"

३. <u>मूल नियमावलीको नियम ११मा संशोधन</u> : मूल नियमावलीको नियम ११ को,-

(१) नियमा शीर्षकमा रहेका "प्रमाणपत्रको" भन्ने शब्दको सट्टा "प्रमाणपत्र र परिचयपत्रको" भन्ने शब्दहरू राखिएका छन् :-

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) वमोजिम वितरण गरिने प्रमाणपत्रमा नोटरी पब्लिकको फोटो राखिनेछ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) नोटरी पब्लिकलाई प्रदान गरिने प्रमाणपत्रमा नोटरी पब्लिकको फोटोमा पर्नेगरी नोटरी पब्लिक परिषद्को छाप लगाइने र स्टिकर टाँस गरिनेछ।"

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) नोटरी पब्लिकको परिचयपत्रको ढाँचा अनुसूची- २ क. बमोजिम हुनेछ।"

४. <u>मूल नियमावलीमा नियम १२ मा संशोधन</u> : मूल नियमावलीको नियम १२ मा रहेका "प्रमाणपत्र वापत पाँच हजार रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "प्रमाणपत्र वापत पाँच हजार रुपैयाँ, प्रति छाप वापत पाँच सय रुपैयाँ र परिचयपत्र बापत एक हजार रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मूल नियमावलीको नियम १३मा संशोधन</u> : मूल नियमावलीको नियम १३ को,-

(१) उपनियम (१क) को खण्ड (क) झिकिएको छ।

(२) उपनियम (१क) को खण्ड (ख) मा रहेको "अवधि समाप्त भएको एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "अवधि समाप्त भएको तीन महिना पछी एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (१क) को खण्ड (ग) मा रहेका "जतिसुकै अवधिभित्रमा" भन्ने शब्दहरूको सट्टा "पाँच वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) नोटरी पब्लिकको प्रमाणपत्र लिएको व्यक्तिले प्रमाणपत्रको अवधि सकिएको पाँच वर्षभित्र नवीकरण नगरेमा परिषद्ले त्यस्तो व्यक्तिको प्रमाणपत्र रद्द गरी बुझाउन बाँकी दस्तुर असुल गर्नेछ।"

६. <u>मूल नियमावलीमा नियम १८मा संशोधन</u> : मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (१) मा रहेका "कुनै कागजात" भन्ने शब्दहरूको सट्टा "निश्चित ढाँचा तोकिएका वा नतोकिएका कागजात" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छ :-

"(६) निश्चित ढाँचाका लिखत वा कागजातमा नोटरी पब्लिकले अनुसूची–१०क. बमोजिम हस्ताक्षर गर्नु पर्नेछ।"

७. <u>मूल नियमावलीको नियम २०मा संशोधन</u> : मूल नियमावलीको नियम २० को उपनियम (१) को,-

(१) खण्ड (क) मा रहेका "पाँच सय रूपैया" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) को उपखण्ड (१) मा रहेका "दुई सय रूपैया" भन्ने शब्दहरूको सट्टा "तीन सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ख) को उपखण्ड (२) मा रहेका "छ सय रूपैया" भन्ने शब्दहरूको सट्टा "एक हजार रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ख) को उपखण्ड (३) मा रहेको "तीन सय रूपैया" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(५) खण्ड (ग) को,-

(क) उपखण्ड (१) मा रहेका "पचास रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" र "दश रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "पचास रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपखण्ड (२) मा रहेको "एक सय" भन्ने शब्दहरूको सट्टा "दुई सय रूपैयाँ" र "बीस रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "एकसय रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल नियमावलीमा नियम २१क. थप : मूल नियमावलीको नियम २० पछि देहायको नियम २१क. थपिएको छ :-

"२१क. विवरण सहितको प्रतिवेदन पेस गर्नुपर्ने : अनुवादक नोटरी पब्लिकले आफूले अनुवाद गर्ने प्रयोजनको लागि परिषद्बाट खरिद गरेका सुरक्षित चिन्ह सहितका कागज संख्या पाँच हजार प्रति खरिद गरिसकेपछि थप कागज खरिद गर्न चाहेमा परिषद्मा पहिलो पाँचहजार प्रतिको विवरण सहितको प्रतिवेदन बुझाउनु पर्नेछ।"

९. मूल नियमावलीको नियम २२ मा संशोधन : मूल नियमावलीको नियम २२ को उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन् :-

"(३) नोटरी पब्लिकले प्रमाणित गरेका कागजात लगायत प्रतिवेदनहरू प्रमाणित गरेको पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमका कागजातहरूलाई अभिलेख राखी पाँच वर्ष पछि धुल्याउन सक्नेछ।"

१०. मूल नियमावलीमा नियम २७ र २८ थप : मूल नियमावलीको नियम २६ पछि देहायका नियम २७ र २८ थपिएका छन् :-

"२७. कामको सूची टाँस गर्नुपर्ने : नोटरी पब्लिकले परिषद्बाट प्रमाणपत्र प्राप्त गरेपछिमात्र आफूले कानूनबमोजिम गर्न पाउने नोटरी पब्लिक सम्बन्धी कामको सूची उल्लेख गरी आफ्नो

कार्यालयमा टाँस्नु पर्नेछ र निजले त्यस्तो सूची वेभपेज वा सामाजिक सञ्जालमा प्रविष्ट गर्न सक्नेछ।

तर परिषद्बाट नोटरी पब्लिकको प्रमाणपत्र नलिएका व्यक्तिले कुनै किसिमको विज्ञापन सम्बन्धी काम गर्न पाउनेछैन।

२८. <u>प्रमाणपत्र स्थगन</u> : (१) नोटरी पब्लिकले आफूले प्राप्त गरेको प्रमाणपत्र तत्काल नवीकरण नगरी पछि पुनः नवीकरण गर्नेगरी परिषद्बाट तोकिएको शुल्क तिरी तत्कालका लागि प्रमाणपत्र स्थगन गर्न सक्नेछ।

(१) उपनियम (१) बमोजिम प्रमाणपत्र स्थगन गरेको अवधिभर निजले नोटरी पब्लिक सम्बन्धी काम गर्न पाउनेछैन।"

११. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u> : मूल नियमावलीको,-

(१) अनुसूची-४मा नोटरी पब्लिकको छापभित्र रहेको "Expiry Date" भन्ने शब्दको सट्टा "Renewal Date" भन्ने शब्द राखिएको छ।

(२) अनुसूची-१०पछि संलग्न बमोजिमको अनुसूची-१०क. थपिएको छ।

"अनुसूची–२क.

(नियम ११ को उप नियम )४(सँग सम्बन्धित (

नोटरी पब्लिकको परिचयपत्रको ढाँचा

| नोटरी पब्लिकको फोटो |
|---|

## नेपाल नोटरी पब्लिक परिषद्

हस्ताक्षर

(अध्यक्ष-महान्यायाधिवक्ता)

परिचयपत्र

नोटरी पब्लिक

(नोटरी पब्लिकको नाम)

प्रमाणपत्र संख्याः ..................

नागरिकता नं.:..........................

बहाल रहने मितिः.....................

काम गर्ने जिल्लाः......................

काम गर्ने अधिकारः....................

## Nepal Notary Public Council

| Notary Public's Photo |
|---|

**IDENTITY CARD**

Notary Public

Signiture

Chairman
Attorney
general

(Notary Public's Name)

Certificate No: ...................

Citizenship No: ..........................

Valid Up to: ......................

Working District: ......................

Authorized For: ...................."

"अनुसूची–१०क.

(नियम १८ को उप नियम )६(सँग सम्बन्धित (

" निश्चित ढाँचाका लिखत वा कागजातको लागि मात्र"

"यो अनुवाद सत्य तथा प्रमाणित अनुवाद हो।"

सहिः.........................

नाम, थरः.......................

मितिः.........................

नोटरी पब्लिकको प्रमाणपत्र संख्याः...........................

प्रमाणपत्रको अवधि समाप्त हुने मितिः...............................

नोटरी पब्लिकको छापः.....................................

**Schedule – 10A.**
**(Relate**

**d to Sub-Rule (6) of Rule 18)**
**<u>Form of Translation Copy of Document</u>**

*"Formatted Documents Only"*
*"The Translation copy is true and verified"*

Signature:
Name:
Date:
Certificate number of the Notary Public:
Date of expiry of Certificate:
Seal of the Notary Public: "